# नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२/०५/११

### प्रेस विज्ञप्ति

समाचार संकलनमा रहेका पत्रकार बालकुमार शर्मालाई प्रहरीले गरेको दुर्व्यवहारप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

यही भदौ १० गते जाजरकोटको भेरी नगरपालिका, ४ मा आयोजित हरितालिका तिज कार्यक्रमको मञ्च पछाडि बोलाई प्रहरी निरीक्षक सन्तोष चन्दसंग आएका एक प्रहरी कर्मचारीले पत्रकार शर्माको मोबाइल खोसेर भिडियो तथा तस्विर मेटाइदिएको महासंघ जाजरकोट शाखाले जनाएको छ ।

स्वतन्त्रतापूर्वक समाचार संकलन गर्न पाउनु पत्रकारको अधिकार हो । अतः प्रहरीबाट महासंघ जाजरकोट शाखाका निवर्तमान अध्यक्ष शर्मामाथि भएको अमर्यादित हर्कतको महासंघ भर्त्सना गर्दछ । घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्न र पत्रकार तथा प्रेस स्वतन्त्रता विपरीतका कुनैपनि कार्य नगर्न सम्बन्धित पक्षसंग महासंघ माग गर्दछ ।

**रामप्रसाद दाहाल**
**महासचिव**


Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org